बैठक संख्या : ३२ स्थान : राप्ती नगरपालिका-७, विरेन्द्रनगर
मिती : २०७५।०५।०६ गते समय : विहान ८ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री बुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

# नगर कार्यपालिकाको बैठकमा पेश गरिने प्रस्तावहरु

**मिति २०७५।०५।०६ विहान ८:०० बजे**

१. प्रगति समिक्षा सम्बन्धमा ।

२. करार कर्मचारीको पुन करार सम्बन्धमा ।

३. सार्वजनिक जग्गा विवरण तयार गर्ने सम्बन्धमा ।

४. सूची दर्ताको लागि दस्तुर तोक्ने सम्बन्धमा ।

५.संगठन संरचना स्वीकृत सम्बन्धमा ।

६.उद्योग वाणिज्य संघको समहती सम्बन्धमा ।

७.आन्तारिक लेखा परिक्षण गर्ने सम्बन्धमा ।

८. कार्यालय सहयोगी सेवा करारमा लिने सम्बन्धमा ।

९. मोहित निर्माण सेवाको घ वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।

१०. विविध ।

## प्रस्ताव नं. १ प्रगति समीक्षा गर्ने सम्बन्धमा ।

१. **संक्षिप्त व्यहोरा**

सबै सावजनिक निकायले आफुले सम्पादन गरेका काम कारवाहीको विषयमा सरोकारबाल समक्ष कामको समिक्षा गर्नुपर्ने हुन्छ । यसबाट सम्पादित कामको परिमाण गुणस्तर र प्रभाव बारे जानकारी लिने र कार्यान्वयनका चरणमा आई परेका समस्याको समस्या समाधान गर्न गरिएको प्रयास र भविष्यमा अपनाउनु पर्ने रणनीतिका विषय राय सुझाव संकलन गरी आवश्यकता अनुसार थपघट र परिमार्जन गर्न अगामी वर्षका नीति तथा कार्यक्रम तयार गर्ने गरिन्छ ।स्थानीय सरकार संचालन ऐन २०७४ मा यो व्यवस्था रहेको छ ।

२. **प्राप्त राय परामर्श**

नगरपालिकाले सम्पादन गरेको कामको बारेमा कार्यपालिका बैठकमा समीक्षा गरिनु पर्ने भन्ने बारे बैठकमा छलफल भएको ।

३. **पेश गर्न पर्नाको कारण**

पहिलो समीक्षा कार्यपालिका बैठकमा नै हुनपर्ने भन्ने कार्यपालिका सदस्यहरुको धारण ।

४. **निर्णय हुनुपर्ने**

प्रत्येक चौमासिक र बार्षिक प्रगति समीषा नियमित रुपमा हुनुपर्ने ।
सबै शाखाको शाखागत र वडागत समीक्षा सबै सरोकारवाला पत्रकार लगायतलाई आमन्त्रण गरी मिति २०७५।०५। गते सञ्चालन गर्ने ।

५. **कार्यपालिकाकोनिर्णय**

1. मिति २०७५।०५।१७ गते विहान ७:३० बजे कार्यपालिका सदस्यहरु र कर्मचारीहरुको सहभागितामा आ.व. ०७५/७६ को बार्षिक समिक्षा कार्यक्रम संचालन गर्ने ।
2. मिति २०७५।०५।१८ गते कार्यपालिका सदस्य र कर्मचारी सवै राजनैनिक दल उद्योग वाणिज्य संघ अन्य संघ संस्था लगायतका सरोकारवाला र पत्रकारको सहभागितामा समिक्षा गोष्ठी सञ्चालन गर्ने

## प्रस्ताव नं. २ करारका कर्मचारीको पुन सेवा करार गर्ने सम्न्धमा ।

## १. संक्षिप्त व्यहोरा

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालय वडा कार्यालय र स्वास्थ्य चौकी तथा सामुदायक स्वास्थ्य इकाईहरुमा दरवन्दी बमोजिम स्थायी कर्मचारीको व्यवस्था भई नसकेको हुदा त्यस्ता प्राविधिक पद र श्रेणी विहिन सवारी चालक तथा कार्यालय सहयोगी पदमा व्यक्तिहरुसँग सेवा करार गरी काम गराउदै आएकोमा त्यस्ता सबै कर्मचारीको म्याद आषाढ मसान्तबाट समाप्त भएको छ । तथापी निजहरुलाई काम लगाई राखिएको छ जसको विवरण निम्न बमोजिम छ ।

राप्ती नगरपलिका र वडा तर्फको कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | श्री अर्जुन पौडेल | इञ्जिनियर | राप्ती नगरपालिका |
| २ | श्री लक्ष्मी कडेल | सुचना प्रविधि अधिकृत | राप्ती नगरपालिका |
| ३ | श्री विराज गुरुङ | सव इन्जिनियर | राप्ती नगरपालिका |
| ५ | श्री रमेश चौधरी | क.अ. | राप्ती नगरपालिका |
| ४ | श्री रामशरण थपलिया | अ.सव इन्जिनियर | राप्ती नगरपालिका |
| ६ | श्री ललिता तिमल्सिना | ग्रामिण सहजकर्ता | राप्ती-२ वडा कार्यालय |
| ७ | श्री मंजिला कडेल | सामाजिक परिचालिक | राजस्व शाखा |
| ८ | श्री रुचिला रेग्मी | सामाजिक परिचालिक | राजस्व शाखा |
| ९ | श्री निरुता नहर्की पाठक | सामाजिक परिचालिक | राप्ती-३ वडा कार्यालय |
| १० | श्री रचना चेपाङ | सामाजिक परिचालिक | राप्ती-११ वडा कार्यालय |
| ११ | श्री सर्मिला मोक्तान | सामाजिक परिचालिक | राप्ती-१२ वडा कार्यालय |
| १२ | श्री विश्वास कुंवर | हलुका सवारी चालक | राप्ती नगरपालिका |
| १३ | श्री कुवेर लामा | हलुका सवारी चालक | राप्ती नगरपालिका |
| १४ | श्री नगेन्द्र थापा | ब्याक हो लोडर अपरेटर | राप्ती नगरपालिका |
| १५ | श्री मोहन कुंवर क्षेत्री | ब्याक हो लोडर हेल्फर | राप्ती नगरपालिका |
| १६ | श्री दिनेश गिरी | का.स. | राप्ती नगरपालिका |

स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम थर | पद | कार्यरत स्थान |
|---|---|---|---|
| १ | सर्मिला कडेल | अनमी | पिप्ले स्वास्थ्य चौकी |
| २ | कविता थापा | अनमी | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ३ | विन्जु सिवाकोटी | अनमी | भण्डारा स्वास्थ्य चौकी |
| ४ | अचिता तमाङ | का स | भण्डारा स्वास्थ्य चौकी |
| ५ | प्रविन चौधरी | का स | भण्डारा स्वास्थ्य चौकी |
| ६ | सिर्जना सिलवाल | का स | पिप्ले स्वास्थ्य चौकी |
| ७ | तेजनाथ सापकोटा | का स | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ८ | पार्वती अधिकारी | का स | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ९ | सीता माया तमाङ | का स | लोथर स्वास्थ्य चौकी |
| १० | राजु प्रजा | का स | वासवाङ स्वास्थ्य चौकी |
| ११ | रिता बस्नेत क्षेत्री | का स | आयुर्वेद तर्फ |
| १२ | निलम गौतम | अ हे व | सामुदायिक स्वास्थ्य इकाइ |
| १३ | रविना प्रजा | का स | सामुदायिक स्वास्थ्य इकाइ |

## २. प्राप्त राय परामर्श

करारका कर्मचारी कार्यरत रहेको कार्यालयबाट निजहरुको काम संन्तोषजनक नै रहेको भन्ने पाइएको । हालको स्वीकृत दरवन्दीमा अन्य स्थायी कर्मचारी नआए सम्म निजहरुको सेवा आवश्यक रहेको भन्ने धारणा रहेको । स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीले अत्यावश्यक सेवा प्रदान गर्न राजस्व शाखामा काम गर्न सवारी साधन चलाउन आदि कारणले निजहरुको सेवा आवश्यक देखिएको छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट पारिश्रमिक पाउने गरी करारमा रहनु भएको सूचना प्रविधि अधिकृत लक्ष्मी कडेललाई पाउने पारिश्रमिकमा २५ प्रतिशत रकम यस कार्यालय दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७४/७५ च.नं.४८५ मिति २०७५।०३।२८ को पत्रबाट लेखी

आएको । अन्य सामाजिक परिचालकलाई स्थानीय श्रोतको व्यवस्था गरि करार निरन्तरता दिन २०७५।०३।३१ को पत्रमा लेखी आएको ।

सेवा करारका कर्मचारीको तलब भत्ता सम्बन्धमा (आर्थिक प्रशासन शाखाको राय) ।

१. साविक देखि नै स्थायी दरबन्दीमा सेवा करारमा रहि कामकाज गर्दै आइ रहेका कर्मचारीहरु सि.नं. १ ४ ५ र १६ को लागि दरबन्दी भित्रैबाट बजेट प्रस्ताव गरिएको
२. सि.नं. ३ का विराज गुरुङलाई कन्टीन्जेन्सी खर्च शिर्षकबाट वडा कार्यालय तर्फको दरबन्दीमा सार्ने प्रस्ताव भएकोमा प्रस्ताव स्वीकृत भएमा दरबन्दी भित्रैबाट भुक्तानी दिन सकिने ।
३. सि.नं. ६ देखि ११ सम्मका कर्मचारीहरुलाई साविकमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट तलब भत्ता प्राप्त हुदै आएकोमा गत आ.व. मा सेवा थप गर्ने निर्णय भएकोले सेवा करार शिर्षकमा छुट्याइएको दरबन्दी भित्रकै बजेट रकमबाट भुक्तानी दिइएको । हाल छुट्टै बजेट प्रस्ताव गरिएको छैन ।सो सम्बन्धमा निर्णय हुनुपर्ने ।
४. सि.नं. २ र १२ देखि १५ सम्मका कर्मचारीहरुको लागि न.पा.को लागि थप दरवन्दी प्रस्ताव गरिएकोमा सोही थप दरबन्दीका लागि प्रस्तावित तलब भत्ताबाट भुक्तानी गर्न सकिने ।
५. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुका लागि सशर्त अनुदान शिर्षकबाट छुट्याइएको रकमबाट देहाय बमोजिमका खर्च शिर्षकहरुमा देहाय बमोजिम मात्र बजेट विनियोजना भएको पाइएकोले/बजेट थप/न.पा.बाट समानुपातिक अनुदानको रकम विषयगत कार्यालयका लागि छुट्याइएको बजेटबाट व्यहोर्ने गरि निर्णय हुन/वैकल्पिक निर्णय हुन पर्ने सम्बन्धमा आवश्यक निर्णय हुन ।

**रु हजारमा**

| सि.नं. | शिर्षक | विनियोजीतबजेट | आवश्यक पर्ने अनुमानित बजेट | नपुग हुने |
|---|---|---|---|---|
| १ | कर्मचारी तलब | १०६४४ | १४४२० | ३७७६ |
| २ | कर्मचारी पोशाक | २२५ | ३९० | १६५ |
| ३ | महंगी भत्ता | २८८ | ९३६ | ६४८ |
| ४ | फिल्ट भत्ता | ११० | १९५ | ८५ |
| ५ | म.स्वा.से. पोशाक | ३३८ | ४६० | १२२ |
| ६ | पुन उपचार खर्च | २८ | १६० | १३२ |
| ७ | २४ घण्टे क्षयरोग उपचार | - | ४८ | ४८ |
| ८ | मासिक प्रगति समिक्षा | - | २०० | २०० |
| ९ | दैनिक भ्रमण भत्ता | - | १५० | १५० |
| १० | जोखिम भत्ता | - | ४४ | ४४ |
| ११ | रातीको ड्युटी | - | ३२४ | ३२४ |
| | कुल जम्मा | ११६३३ | १७३२७ | ५६९४ |

**<u>प्रस्ताव पेश गर्न पर्नाको कारण</u>**

१. नगर कार्यपालिका तर्फ काम गर्ने कर्मचारीको पनि ६ महिना म्याद थप गर्दा १ लाख भन्दा बढी खर्च लाग्दैछ ।
२. सूचना प्रविधि अधिकृतको पारिश्रमिक गत आ.व.मा पूरै रकम प्राप्त भएकोमा यस पटक ६ महिनको लागि २५ प्रतिशत रकम नगरपालिकाले दिनपर्ने गरी थप दायित्व बढेको ।
३. कन्टेन्जेन्सी रकमबाट पारिश्रमिक पाउने गरी सेवा करार गरिएका सव इन्जिनियर विराज गुरुङलाई वडाको दरवन्दीबाट पारिश्रमिक दिन पर्ने भएको ।

**३. निर्णय हुनपर्ने व्यहोरा**

१. राय परामर्शको बुदामा आर्थिक प्रशासन शाखाको राय बमोजिम थप बजेटहरुबाट र सशर्त तर्फ नपुग पारिश्रमिक सम्बन्धित निकायबाट गर्ने गरि व्यवस्था गर्ने । कार्यालयले माग पत्र पठाउने

२. दरबन्दी रहेका कर्मचारीको हकमा स्थायी व्यक्ति सिफारिस भई आएमा वा अन्य व्यवस्था भएमा स्वत नरहने गरी र दरबन्दी भित्र नरहेका कर्मचारीको हकमा सो स्थानमा कर्मचारी प्रयाप्त भएको महसुस भएमा १ महिनाका म्याद दिइ स्वत नरहने गरी २०७५।०४।०१ देखि २०७५ पौष मसान्त सम्मको लागि पुन करार गरी काममा लगाउने।

निम्न बमोजिमका कर्मचारीहरु मिति २०७५।०४।०१ देखी २०७५ पौष मसान्त सम्म पुन करार गर्ने

क। नगरपालिका र वडा तर्फका कर्मचारी विवरण

| क्र.सं. | **नाम थर** | **पद** | **पारिश्रमिकमासिक** | **कैफियत** |
|---|---|---|---|---|
| १ | श्री अर्जुन पौडेल | इञ्जिनियर | रा.प.तृतीय श्रेणी सरहको | |
| २ | श्री लक्ष्मी कडेल | सुचना प्रविधि अधिकृत | LGCDP बाट तोकिएको | २५ प्रतिशत पारिश्रमिक न.पा.बाट व्यहोर्ने |
| ३ | श्री विराज गुरुङ | सव इन्जिनियर | रा.प.अनं. प्रथम श्रेणी सरहको | वडाको दरवन्दीबाट |
| ५ | श्री रमेश चौधरी | क.अ. | रा.प.अनं. प्रथम श्रेणी सरहको | |
| ४ | श्री रामशरण थपलिया | अ.सव इन्जिनियर | रा.प.अनं. द्धितिय श्रेणी सरहको | |
| ६ | श्री ललिता तिमल्सिना | ग्रामिण सहजकर्ता | २००००। | |
| ७ | श्री मंजिला कडेल | सामाजिक परिचालिक | १२०००। | राजस्व शाखामा राखी काम लगाउने |
| ८ | श्री रुचिला रेग्मी | सामाजिक परिचालिक | १२०००। | |
| ९ | श्री निरुता नहर्की पाठक | सामाजिक परिचालिक | १२०००। | |
| १० | श्री रचना चेपाङ | सामाजिक परिचालिक | १२०००। | |
| ११ | श्री सर्मिला मोक्तान | सामाजिक परिचालिक | १२०००। | |
| १२ | श्री विश्वास कुंवर | हलुका सवारी चालक | ह स च सरह | |
| १३ | श्री कुवेर लामा | हलुका सवारी चालक | ह स च सरह | |
| १४ | श्री नगेन्द्र थापा | ब्याक हो लोडर अपरेटर | ह स च सरह | |
| १५ | श्री मोहन कुंवर क्षेत्री | ब्याक हो लोडर हेल्फर | १००००। | |
| १६ | श्री दिनेश गिरी | का.स. | १५०००। | |

ख। स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको विवरण

| **क्र.सं.** | **नाम थर** | **पद** | **मासिक पारिश्रमिक** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सर्मिला कडेल | अनमी | साविक बमोजिम | पिप्ले स्वास्थ्य चौकी |
| २ | कविता थापा | अनमी | साविक बमोजिम | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ३ | विन्जु सिवाकोटी | अनमी | साविक बमोजिम | भण्डारा स्वास्थ्य चौकी |
| ४ | अचिता तमाङ | का स | साविक बमोजिम | भण्डारा स्वास्थ्य चौकी |
| ५ | प्रविन चौधरी | का स | साविक बमोजिम | भण्डारा स्वास्थ्य चौकी |
| ६ | सिर्जना सिलवाल | का स | साविक बमोजिम | पिप्ले स्वास्थ्य चौकी |
| ७ | तेजनाथ सापकोटा | का स | साविक बमोजिम | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ८ | पार्वती अधिकारी | का स | साविक बमोजिम | वीरेन्द्रनगर स्वास्थ्य चौकी |
| ९ | सीता माया तमाङ | का स | साविक बमोजिम | लोथर स्वास्थ्य चौकी |
| १० | राजु प्रजा | का स | साविक बमोजिम | वासवाङ स्वास्थ्य चौकी |
| ११ | रिता बस्नेत क्षेत्री | का स | साविक बमोजिम | आयुर्वेद तर्फ |
| १२ | निलम गौतम | अ हे व | साविक बमोजिम | सामुदायिक स्वास्थ्य इकाइ |
| १३ | रविना प्रजा | का स | साविक बमोजिम | सामुदायिक स्वास्थ्य इकाइ |

४. कार्यपालिकाको निर्णय

**"प्रस्तावमा लेखिए बमोजिम गर्ने"**

## प्रस्ताव नं. ३ सरकारी पर्ती जग्गा अतिक्रम गरेको विवरणको

### १. संक्षिप्त व्यहोरा

जिल्ला प्रशासन कार्यालय भरतपुर चितवनको च.नं. २८९ मिति २०७५।०४।०७ को पत्र साथ विभिन्न जिल्लाहरुमा सरकारी पर्ति जग्गाहरु विभिन्न व्यक्ति तथा संस्थाहरुले अतिक्रमण गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान

आयोगमा उजुरी परेकोमा उजुरीको सम्बन्धमा विभिन्न मितिमा निर्णय गरेको निर्णयहरु कार्यान्वयन सन्दर्भमा देहायको ढाचामा विवरण उपलब्ध गराइ दिनु भनि उल्लेख भएको गृह मन्त्रालयको पत्र प्राप्त भएको छ । सरकारी पर्ती जग्गा संरक्षण गर्नु स्थानीय सरकारको दायित्व पनि हो । यस कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आवश्यक छ ।

२. <u>प्राप्त राय परामर्श</u>

उक्त पत्र प्राप्त भएपछि सवै वडामा माग बमोजिमको विवरण उपलब्ध गराई दिन पत्राचार भएको छ । तथापी हाल सम्म विवरण प्राप्त हुन सकेको छैन । माग बमोजिमको विवरण तयार गरी जिल्ला प्रशासन कार्यालय चितवन मार्फत गृह मन्त्रालयमा पठाउने आवश्यकता महसुस भएको ।

३. <u>पेश गर्न पर्नका कारण</u>

**नगरपालिकाबाटसरकारी तथा पर्ती जग्गा अतिक्रमण गरि बसेकाहरुको तथ्याङ संकलन गर्न कठिन पर्ने भएकोले**

४. <u>निर्णय हुनु पर्ने व्यहोरा</u>

१. गृह मन्त्रालयको च.नं. २८४ मिति २०७५।०३।२० को पत्रबाट माग भएको देहायको विवरण वडा कार्यालयहरुबाट प्राप्त गरी जिल्ला प्रशासन कार्यालय चितवन मार्फत गृह मन्त्रालयमा पठाउने ।

| सि. नं. | जग्गा को कि.नं. | अतिक्रमणको प्रकृति | | | | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|---|
| | | व्यक्तिगत प्रयोजन | व्यावसायिक प्रयोजन | बस्ती बसेको | अन्य प्रयोजन खुलाउने | |
| | | | | | | |

२. एकिकृत सम्पति करको दायरामा समेटिन नसकेका घरधुरीहरुको वडा टोल बस्ती खुलाई पारिवारिक लगत सहित घरको लम्बाइ चौडाइ तला संख्या कोठा संख्या संरचनाको प्रकार छुट्याई फोटो सहित संलग्न गरी नगरपालिका/वडामा अभिलेख राखी दिन अनुरोध भई आएमा त्यस्तो घरधुरीको वडा कार्यालयाहरुबाटै वार्षिक दस्तुर लिई अभिलेख राख्ने व्यवस्था गर्ने ।

३. घरधुरीको अभिलेख राख्ने सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न र घरका प्रकार अनुसार कर कति लिन उपयुक्रत हुन्छ र आवश्यक फारम रजिष्टर आदि तयार गर्न एक समिति गठन गर्ने ।

४. समितिले १५ दिन भित्र  प्रतिवेदन पेस गने ।

५. <u>नगर कार्यपालिकाकोनिर्णय</u>

समिति गठन गर्ने भनिएकोमा उपप्रमुखको संयोजकत्वमा रहेको सार्वजनिक जग्गा संरक्षण समितिले गर्ने र बाँकी **"प्रस्तावमा लेखिए बमोजिम गर्ने"**

## <u>प्रस्ताव नं. ४ सूची दर्ताको लागि दस्तुर तोक्ने ।</u>

१. <u>संक्षिप्त व्यहोरा</u>

प्रत्येक सार्वजनिक निकायले आफुले सम्पादन गर्ने कार्यलाई व्यवस्थित गर्न विभिन्न कम्पनी, कन्सन्टेन्सी आदिलाई  आफुले प्रदान गर्न सक्ने सेवा उल्लेख गरी आवश्यक कागजात सहित आफ्नो सूची अध्यावधिक गर्न वा सूची दर्ता गर्न सार्वजनिक सूचना जारी गर्नुपर्ने हुन्छ । यो प्रक्रिया आ.व. शुरु हुने समयमा गर्ने गरिन्छ । सूची दर्ता भएका फर्म कम्पनीले कार्यलयबाट तोकिएको सेवा उपलब्ध गराउन सक्दछ । सूची दर्ता तोकिएको म्याद भित्र गराउन सकिन्छ र आफुलाई आवश्यकता महसुस भएमा फर्म कम्पनीहरुले जुन सुकै समयमा पनि सूची दर्ताको लागि तोकिएको कागजात सहित सूची दर्ताको लागि आवेदन गर्न सक्दछ । सूची दर्ताको लागि कुनै दस्तुर तोकिएको देखिदैन । सो तोक्न आवश्यक छ ।

२. **प्राप्त राय परामर्श**

सूचीदर्ता हुन आउनेको लागि दस्तुर तोक्न आवश्यक महसुस भयो । सो सम्बन्धी दस्तुरको व्यवस्था यस कार्यालयमा भएको पाइएन । कार्यालयमा छलफल गर्दा सूची दर्ता हुन आउनेको लागि साधारण तय वर्गमा विभाजन गरी

१. फर्निचर एवम् फर्निसिङ सप्लाई तथा मर्मत तथा आल्मोनियम स्टील सम्बन्धी कार्यऽसवारी साधन तथा मेशिनरी औजार भाडामा आपूर्ति गर्ने कार्य र सहकारी संस्थाहरुको लेखापरीक्षण गर्ने रजिष्टर्ड लेखापरिक्षण सेवाको लागि रु ५००।
२. विभिन्न किसिमका ड्रईङ डिजाइन स्पेशिफिकेशन सर्वेक्षण र निर्माण कार्य लगायतको प्राविधिक तथा अन्य परामर्श सेवाहरु र कार्यालयको आवश्यकता अनुसार विभिन्न विषयको विज्ञ सेवा उपलब्ध गराउने किसिमका कल्सन्टेन्सी सम्बन्धी सम्बन्धी रु५०००।
३. कन्सटेन्सीको लागि रु ५०००। दस्तुर कार्य गर्ने म्याद भन्दा पछि आएमा दोब्बर दस्तुर लिई सूची दर्ता गरी दिन उपयुक्त हने भन्ने धारण रह्यो ।

३. **प्रस्ताव पेश गर्नु पर्ने कारण**

सूची दर्ता गर्दा लाग्ने दस्तुर हाल सम्म तोकिएको नदेखिएकोले ।

४. **निर्णय हुन पर्ने व्यहोरा**

आगामी नगरसभाबाट अनुमोदन गर्नेगरी सूची दर्ता हुन आउनेको लागि निम्न वर्गमा विभाजन गरी दस्तुर कायम गर्ने ।

१. फर्निचर एवम् फर्निसिङ सप्लाई तथा मर्मत तथा आल्मोनियम स्टील सम्बन्धी कार्यऽसवारी साधन तथा मेशिनरी औजार भाडामा आपूर्ति गर्ने कार्य र सहकारी संस्थाहरुको लेखापरीक्षण गर्ने रजिष्टर्ड लेखापरिक्षण सेवाको लागि रु ५००।
२. विभिन्न किसिमका ड्रईङ डिजाइन स्पेशिफिकेशन सर्वेक्षण र निर्माण कार्य लगायतको प्राविधिक तथा अन्य परामर्श सेवाहरु र कार्यालयको आवश्यकता अनुसार विभिन्न विषयको विज्ञ सेवा उपलब्ध गराउने किसिमका कल्सन्टेन्सी सम्बन्धी सम्बन्धी रु५०००।
३. कन्सटेन्सीको लागि रु ५०००।
४. कन्सल्टेन्सीको हकमा म्याद भन्दा पछि सूची दर्ता गर्न आएमा दोब्बर दस्तुर लिई सूची दर्ता गरी दिने ।

५. **नगर कार्यपालिकाकोनिर्णय**

निर्णय हुनुपर्ने व्यहोराको १ २ र ३ नं. मा उल्लेख भए देखी बाहेक अन्य सूची दर्ता गर्न आउनेको हकमा रु २००। कायम राखी अन्य "**प्रस्तावमा लेखिए बमोजिम गर्ने**"।

## प्रस्ताव नं. ५ संगठन संरचना स्वीकृत गर्ने सम्बन्धमा ।

१. **संक्षिप्त व्यहोरा**

सरकारी कार्यालय संस्थाको सरकार सवैको आफ्नो संगठन संरचना रहेको हुन्छ सो संरचना भित्र संगठनको स्वरुप जनशक्ति व्यवस्था आदिको स्पष्ट व्यवस्था गरिएको हुन्छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको दरबन्दी कस्तो हुनु पर्ने भन्ने विषयमा अन्तरिम संगठन संरचना बारे जानकारी गराएको र नगर सभाबाट राप्ती नगरपालिकाको ५० हजार देखि ७५ हजार सम्म जनसंख्या भएको संगठन संरचना अन्तरिम दरवन्दी स्वीकृत गरिएको थियो । अन्तरिम दरवन्दी स्वीकृत भएकोमा केही हेरफेर हुन आवश्यक देखिएको छ ।

२. <u>प्राप्त राय परामर्श</u>

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७५/७६ च.नं. १० मिति २०७५।०४।०६ को पत्रबाट अन्तरिम संगठन संरचना र दरवन्दीमा केही परिवर्तन गर्नुपर्ने भए थप घट समेत गरी विभिन्न ५ बुँदामा जवाफ पठाउन लेखी आएको ।

३. <u>प्रस्ताव पेश गर्न पर्नाको कारण</u>

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७५/७६ च.नं. १० मिति २०७५।०४।०६ को पत्रबाट अन्तरिम संगठन संरचना र दरबन्दीलाई स्थायी रुपमा दरवन्दी स्वीकृत गर्न कार्यपालिकाको निर्णय सहित पठाउन भन्ने उल्लेख भई निर्देशन प्राप्त भएकोले

४. <u>निर्णय हुन पर्ने व्यहोरा</u>

तेस्रो नगर सभाको बैठकबाट स्वीकृत गरिएको अन्तरिम संगठन संरचना र दरवन्दीमा नगरपालिका तर्फ राज पत्रांकित तृतीय श्रेणीका २ राजपत्र अनंक्रित द्धितिय श्रेणी ५ जना र श्रेणी विहीन कार्यालय सहयोगी ६ हलुका सवारी चालक २ र ब्याक हो लोडर अपरेटर १ गरी जम्मा १६ पद र प्रतेक वडामा १ र १ जना श्रेणी विहीन कार्यालय सहयोगी १३ पद गरी जम्मा २९ दरबन्दी थप गरी निम्न बमोजिम स्थायी संगठन संरचना र दरवन्दी स्वीकृत गरी सोही बमोजिम संगठन संरचना र दरवन्दी स्वीकृत गरि दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

५. <u>नगर कार्यपालिकाकोनिर्णय</u>

**"प्रस्तावमा लेखिए बमोजिम गर्ने "**

## प्रस्ताव नं. ६ नगर उद्योग वाणिज्य संघको सहकार्यमा व्यावसाय दर्ता गर्ने ।

१. **संक्षिप्त व्यहोरा**

सरकारले निजी क्षेत्रको सहकार्यमा धेरै काम गर्ने गर्दछ । खासगरी सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यले एक अर्को प्रतिको सम्बन्ध प्रगाढ बनाउछ । विकासमा सहभागिता र लागत सहभागिता बढाउन र आर्थिक विकासलाई तीव्र बनाउन निजी क्षेत्रको ठुलो भूमिका रहन्छ । अत राप्ती नगरपालिकाबाट नगर उद्योग वाणिज्य संघलाई विकासको मूख्य एक सरोकारवालाको रुपमा स्वीकार गर्दै अगाडी बढ्न आवश्यक देखिएको छ

२. **प्राप्त राय परामर्श**

मिति २०७५ साल श्रावण १० गते राप्ती नगरपालिकामा प्रमुख प्रभा बरालको संयोजकत्वमा नगर उद्योग वाणिज्य संघका अध्यक्ष, वरिष्ट उपाध्यक्ष तथा अन्य प्रतिनिधि लगायतको उपस्थितमा बसेका बैठकले देहाय बमोजिम गर्ने सहमति निर्णय भएको छ ।

१. सबै राप्ती नगरपालिका भित्रका व्यावसायीहरुलाई करको दायरामा ल्याउने ।
२. यस नगरपालिका भित्र संचालनमा रहेका व्यवसाय नवीकरण तथा नयाँ दर्ता गर्नको लागि अभियानको रुपमा उद्योग वाणिज्य संघ राप्ती तथा यस नगरपालिकाको संयुक्त टोली खटिई दर्ता तथा नवीकरण गर्ने र सो अवधिमा उठको २५ प्रतिशत रकम उद्योग वाणिज्य संघ राप्तीलाई दिने निर्णय गरियो ।
३. यस राप्ती नगरपालिका भित्रका ऐलानी जग्गामा बसी व्यावसाय संचालन गर्नु भएका वा गर्न चाहनु हुने व्यावसायीलाई व्यावसाय दर्ता गर्ने र सो को लागि चाहिने आवश्यक कागजातहरु पूर्जावालाहरुले पेश गर्ने कागजातको अतिरिक्त विजुली वा खानेपानीको भुक्तानी गरेको विलको आधारमा व्यावसाय दर्ता गर्ने निर्णय गरियो ।
४. व्यावसाय दर्ता तथा नविकरणको लागि प्रचार प्रसार गर्ने ।
५. नयाँ व्यावसाय दर्ताको लागि उद्योग वाणिज्य संघ राप्तीबाट सिफारिस पत्र लिनुपर्ने निर्णय गरियो

३. **प्रस्ताव पेश गर्नु पर्नको कारण**

उठेको राजस्व रकम बाडफाँड गरी नगर उद्योग वाणिज्य संघलाई दिनुपर्ने भएकोले प्रस्ताव पेश गरिएको ।

४. **निर्णय हुनु पर्ने व्यहोरा**

प्राप्त राय सुझाव समेतको आधारमा देहाय बमोजिम गर्ने ।

१. सबै राप्ती नगरपालिका भित्रका व्यावसायीहरुलाई करको दायरामा ल्याउन प्रचार गर्ने ।
२. नयाँ दर्ता तथा नविकरणको लागि उद्योग वाणिज्य संघ र यस नगरपालिकाले निश्चित अवधिको लागि व्यावसाय दर्ता अभियान संचालन गरी स्थलगत रुपमा नविकरण तथा नयाँ व्यावसाय दर्ता गर्ने र सो अवधिमा नयाँ दर्ताबाट उठेको रकमको २५ प्रतिशत नगर उद्योग वाणिज्यसंघ राप्तीलाई प्रदान गर्ने ।
३. यस नगरपालिका भित्र ऐलानी जग्गामा बसि व्यावसाय संचालन गर्ने र गरिरहनु भएका व्यावसायलाई निजहरुले विजुली वा खानेपानीको विल भुक्तानी गरेको कागजातको आधारमा व्यावसाय दर्ता गरिदिने

५. **नगर कार्यपालिकाकोनिर्णय**

निर्णय हुनुपर्ने व्यहोराको २ नं. २० प्रतिशत नगर उद्योग वाणिज्य संघलाई र ५ प्रतिशत सम्बन्धित वडाको सम्बन्धित टोल विकास संस्थालाई उपलब्ध गराउने बाँकी प्रस्तावमा **उल्लेख भए बमोजिम गर्ने** ।

## प्रस्ताव नं. ७ आन्तारिक लेखा परीक्षण गर्ने सम्बन्धमा।

१. **संक्षिप्त व्यहोरा**

गत आ.व. सम्म यस कार्यालयको आन्तरिक लेखा परीक्षण गर्ने कार्य नगरपालिकामा आन्तारिक लेखा परीक्षण शाखा स्थापना भइ संचालनमा नआएको कारणले मंत्रालयले गरेको बैकल्पिक व्यवस्था अनुसार साविक जि.वि.स.बाट आ.ले.प. सम्पन्न भै आएकोमा हालको जि.स.स.बाट आ.ले.प शाखा विघटन भै सकेको र यस कार्यालयको प्रस्तावित दरवन्दी संरचनामा आ.ले.प.शाखा तोकी ले.अ. १ जना र ले.पा.-१ जनाको दरबन्दी तोकिएता पनि हाल सम्म पदपूर्ति हुन नसकी आन्तारिक लेखा परिक्षण हुन नसकेको उपयुक्त निर्णय गरि आ.ले.प. सम्पन्न गर्नुपर्ने देखिन्छ।

२. **राय तथा परामर्श**

आन्तारिक लेखा परीक्षण गर्नको लागि आ.ले.प.शाखा गठन नहुदा सम्मको लागि प्रदेश को.ले.नि.का.ले जिल्ला स्थित को.ले.नि.का.हरुलाई न.पा.को कार्यपालिकाले निर्णय गरी आ.ले.प. गर्न अनुरोध भइ आएमा सम्बन्धित नगरपालिकाको आ.ले.प. गर्ने भनी सुर्कुलर गरेको भन्ने बुझिएको/अन्य न.पा. खैरहनी र माडी बाट सो अनुसार अनुरोध भै सकेको।

३. **प्रस्ताव पेश गर्नका कारण**

आन्तारिक लेखा परीक्षण गरि गत आ.व.को आम्दानी खर्चको यथार्थ अवस्था पत्ता लगाउनुका साथै आर्थिक विवरणहरु प्रमाणित गरि प्रतिवेदन पठाउनुका साथै अन्तिम ले.प.का लागि न्यूनतम सर्त पुरा हुन पर्ने र कार्यपालिकाको निर्णय गरी निर्णय सहित को.ले.नि.का. पठाउनु पर्ने भएकोले।

४. **निर्णय हुन पर्ने व्यहोरा**

कार्यालयमा आन्तारिक लेखा परीक्षण शाखा स्थापना भइ संचालनमा नआउदा सम्मका लागि यस नगरपालिकाबाट हुने आय व्यायको आन्तारिक लेखा परीक्षण गरी प्रतिवेदन पेश गर्न को.ले.नि.का. चितवनलाई अनुरोध गर्ने।

५. **कार्यपालिकाकोनिर्णय**

**"प्रस्तावमा लेखिए बमोजिम गर्ने"**

## प्रस्ताव नं. ८ कार्यालय सहयोगी लगायत रिक्त प्राविधिक पदपूर्ति गर्ने सम्बन्धमा।

१. **संक्षिप्त व्यहोरा**

तेस्रो नगर सभाबाट राप्ती नगरपालिकाको लागि ६ वटा कार्यालय सहयोगी दरबन्दी वडा कार्यालय तर्फ १३ वटा कार्यालय सहयोगी दरबन्दी स्वीकृत गरिएको छ। सो पदहरुमा राप्ती नगरपालिकामा २ जना वडा नं. २ १० र १२ मा स्थायी कर्मचारी कार्यरत छन। ७ र ९ मा दैनिक ज्यालादारीमा कार्यरत छन। त्यस्तै सामुदायिक स्वास्थ्य इकाई खहरेमा अनमि पद १ रिक्त छ। एक गाउँ एक प्राविधिकमा कृषि तर्फ १ र पशुसेवा तर्फ १ पद रिक्त रहेको छ।साथै वडा तर्फ सव इन्जिनियर पदहरु रिक्त छन।

२. **प्राप्त राय परामर्श**

प्राविधिक कर्मचारी करारमा लिन सक्ने व्यवस्था करारमा कर्मचारी राख्ने सम्बन्धी करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ मा उल्लेख छ। कृषि तथा पशुसेवा तर्फको प्राविधिकको बजेट सशर्त अनुदानमा व्यवस्था छ। सामुदायिक स्वास्थ्य इकाई स्वास्थ्य कर्मीको अत्यवश्यक महसुस भएको छ। नगरपालिका र कार्यालय सहयोगी नभएका वडामा १ जना कार्यालय सहयोगी करारमा राख्न आवश्यक महसुस भएको छ। जसको लागि बजेट व्यवस्था गरिएको छ।

३. **प्रस्ताव पेश गर्न पर्नाको कारण**

वडा/वडाका दरबन्दीमा समेत कर्मचारी व्यवस्थापन कसरी गर्न भन्ने विषयमा छलफल गरी कार्यन्वयन गर्न आवश्यक भएकोले।

४. **निर्णय हुनपर्ने व्यहोरा**

१. सामुदायक स्वास्थ्य इकाईको रिक्त अनमी पदमा राप्ती नगरपालिकाको विज्ञापन प्रकाशन गरी उम्मेद्वार छनौट गर्ने।
२. एक गाउँ एक प्राविधिक राप्ती ११ को लागि १ पशु स्वास्थय र राप्ती १० को लागि १ कृषि को विज्ञापन नगरपालिकाबाट गरी उम्मेदवार छनौट गर्ने।
३. कार्यालय सहयोगी पदको लागि नगरपालिकाबाट विज्ञापनको सूचना प्रकाशित गर्ने दरखास्त लिने लगायतका सम्पूर्ण कार्य वडा कार्यालयहरुबाट गर्ने।
४. नगरपालिकामा रिक्त कार्यालय सहयोगी पद नगरपालिकामा विज्ञापन प्रकाशित गरी उम्मेदवारको छनौट गर्ने।
५. सव इन्जिनियर पदहरुको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट दरवन्दी स्वीकृत सम्बन्धी जानकारी प्राप्त भएपछि थप कारवाही अघि बढाउने।

५. **नगर कार्यपालिकाकोनिर्णय**

**"प्रस्तावमा लेखिए बमोजिम गर्ने "**

## प्रस्ताव नं. ९ घ वर्गको इजाजत पत्र प्रदान गर्ने ।

१. **संक्षिप्त व्यहोरा**

निर्माण सम्बन्धी काम गर्नका लागि निर्माण व्यावसायीहरुले इजाजत पत्रल लिन पर्ने हुन्छ । सो इजाजत पत्रहरु क ख ग र घ वर्गका हुने गर्दछ । विद्यमान प्रावधान अनुसार घ वर्गको इजाजत पत्र स्थानीय तहहरुले प्रदान गर्न सक्दछन । मोहित निर्माण सेवाले घ वर्गको इजाजत पत्र पाउन निवेदन दिएको छ ।

२. **प्राप्त राय परामर्श**

मोहित निर्माण सेवा नाम कम्पनीलाई घ वर्गको इजाजत पत्र पाउँ भनि निवेदन दिएकोमा राप्ती नगरपालिकाको प्रशासन शाखाबाट उक्त प्रा.लि.लाइ पेश भएको कागजातको आधारमा घ वर्गको इजाजत पत्र प्रदान गर्न सकिने भन्ने राय रहेको ।

३. **पेश गर्न पर्नाको कारण**

राप्ती नगरपालिकाबाट स्वीकृत घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविध २०७४को दफा २.३ मा इजाजत पत्र प्रदान गर्न नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेकोले ।

४. **निर्णय हुनुपर्ने**

राप्ती नगरपालिका वडा नं. ०४ बस्ने प्रोपराइटर मोहित कार्कीको नाममा मोहित मनोहित निर्माण सेवा नामको प्रा.लि./कम्पनीलाई घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।

५. **नगर कार्यपालिकाकोनिर्णय**

**"प्रस्तावमा लेखिए बमोजिम गर्ने "**

## निर्णय नं. १०

**प्रस्ताव नं. १० विविध माथि छलफल गर्दा बर्तमान अवस्थालाई मध्यनगज गरि देहाय बमोजिम गर्ने गरी निर्णय गरियो ।**

१. राप्ती - ९ मा रहेको नेपाली सेनाको श्री नं. २ विपद व्यवस्थापन गणले उपयोगमा ल्याइएको अमृतपानी सामुदायिक बन क्षेत्रको जग्गा सो गणलाई उपलब्ध गराउने गरी संघीय मन्त्रिपरिषदबाट निर्णय भएको उक्त गणलाई सोही स्थानमा राख्न सहमति दिन राप्ती - ९ नं. वडा कार्यालयबाट लेखी आएको हुँदा नगरमा पर्न सक्ने कुनैपनि प्रकारको विपदको समयमा गणबाट सहयोग पुग्न सक्ने भएकोले मन्त्री परिषदबाट उपलब्ध गराइएको जग्गामा गण राख्न/बस्न सहमती प्रदान गर्ने सर्व सम्मत निर्णय गरियो ।
२. राप्ती नगरपालिकाको न्यायिक समितिमा रहनु भएका सदस्यहरुलाई मासिक १० लि. पेट्रोल र सञ्चार खर्च रु.१०००। उपलब्ध गराउने निर्णय गरियो ।
३. प्रदेश नं. ३ सरकारको निर्णयबाट स्थानीय तहका जन प्रतिनिधिहरुलाई पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने क्रममा कार्यपालिका सदस्यहरुलाई प्रदान गरिएको पारिश्रमिक तथा सुविधा कार्यबोझ तथा जिम्मेवारीको तुलनामा अत्यन्त न्यून रहेको भनी सदस्यहरुले पारिश्रमिक तथा सुविधा वृद्धि गरि दिन माग गर्नु भएको सन्दर्भमा निजहरुको मागलाई सम्बोधन हुने गरी पारिश्रमिक तथा सुविधा वृद्धि गरी दिन प्रदेश नं. ३ का मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालयमा सिफारिस साथ अनुरोध पत्र पठाउने निर्णय गरियो ।
४. राप्ती नगरपालिका-८ खुरखुरे निवासी वेसो टेलिभिजनमा कार्यरत पत्रकार अनुज न्यौपानेलाई संचार सहयोगी रुपमा काम गरि दिन आग्रह गर्ने निर्णय गरियो ।
५. राप्ती नगरपालिकाबाट आ.व. ०७४/७५ मा स्वीकृत भई सञ्चालन गरिएका निम्न योजनाको काम सम्पन्न भएको तर विभिन्न कारणले भुक्तानी हुन नसकेको भन्ने वडा अध्यक्षहरुको भनाई रहेको पाइएकोले त्यस्ता योजनाको अनुगमन समितिबाट अनुगम प्रतिवेदन प्राप्त गरी सम्झौता नभएको वा हराएको वा अन्य कारण भएमा समेत कार्यालयले जे जस्तो प्रक्रिया अपनाई कार्य गर्नुपर्ने हुन्छ सो पुरा गरी गत आ.व.को बचत बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

१. दोबाटे चर्च भवन निर्माण राप्ती-१०
२. वनदेवी मार्ग कालोपत्र राप्ती-४
३. बाटो सरसफाई मेसिनको भाडा भुक्तानी राप्ती-४
४. राप्ती-१ मा राप्ती नदीको ड्याक नजिकको स्परमा नदीले क्षेती पुर्‍याएको र तत्काल कार्य गर्नपर्ने भई काम गरेको हुँदा स्वीस कन्सल्टेण्टबाट विल पेश गरेको आधारमा विल बमोजिम उपभोक्तालाई भुक्तानी दिने ।